नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन)

चलानी नं.: ४४०

मितिः- २०७७/०२/३०

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

विषयः- *शःसर्त अनुदानका कार्यक्रमहरुको लागत साझेदारी सम्वन्धमा ।*

श्री स्थानीय तहहरु, सवै ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. ३६६ मिति २०७७/०२/२१ को शःसर्त अनुदानका कार्यक्रमहरुको लागत साझेदारी सम्वन्धी पत्र यसैसाथ संलग्न छ । व्यहोरा संलग्न पत्रवाटै अवगत गर्नु भई स्थानीय तहहरुका लागि LMBIS मा प्रविष्ट भएका कार्यक्रमहरुको विवरण सहित पत्रमा उल्लेख भएका कार्यक्रमहरुमा लागत साझेदारी सम्वन्धी निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

*वोधार्थः*

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार ।

श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः
मन्त्रालयको Web Site मा Upload गरिदिनुहुन ।

☎ ४२११६६५
फ्याक्स ४२११९३५

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## योजना तथा विकास सहायता समन्वय महाशाखा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
दर्ता नम्बर:- ११४६
२०७७/०२/२७

प.सं : यो.व.का. ७६/७७
च.नं. : ३६६

सिंहदरवार
काठमाण्डौं, नेपाल

मिति: २०७७/०२/२१

विषय: शःसर्त अनुदानका कार्यक्रमहरुको लागत साझेदारी सम्वन्धमा ।

श्री सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

उपरोक्त सम्वन्धमा यस मन्त्रालयबाट कृषि तथा पशुपन्छी विकासका कार्यक्रमहरुलाई एकरुपता तथा नतिजामुलक वनाउन र कार्यक्रमको दोहोरोपना हटाउन तथा उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गरी आगामी आ.व. २०७७-७८ को नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्ष प्राप्तिका लागि संघिय मन्त्रालय तथा प्रदेशस्तरका मन्त्रालयहरु विच विभिन्न चरणमा मन्त्रिस्तर तथा सचिवस्तरमा प्रत्यक्ष छलफल तथा Video Conference मार्फत कार्यक्रम तथा वजेट सम्वन्धमा तिनवटै तहहरुविच समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सम्पन्न गर्न आपसी समझदारी भएको व्यहोरा अनुरोध छ । अत: यस मन्त्रालयबाट आ.ब. २०७७/०७८ मा संचालन हुने शःसर्त अनुदानका कार्यक्रमहरुमा तपशिलमा उल्लेख भए बमोजिमको लागत साझेदारी सम्वन्धि निर्णय तहाँ मन्त्रालय मार्फत स्थानिय तहहरुलाई कार्यान्वयनको लागी आवश्यक समन्वय हुन नेपाल सरकार (सचिवस्तर) मिति २०७७/०२/२० को निर्णय अनुसार अनुरोध छ ।साथै, आ.व. २०७७/०७८ मा स्थानिय तहहरुमा LMBIS मा प्रविष्ट भएको कार्यक्रमहरुको विवरण तहाँ मन्त्रालयको ईमेल info@mofaga.gov.np मा पठाइएको व्यहोरा अनुरोध छ ।

तोयानाथ जोशी
बाली संरक्षण अधिकृत

तपशिल:

१. कृषि पूर्वाधार बिकास कार्यक्रममा कम्तिमा ५० प्रतिशत,
२. प्रर्वद्धन कार्यक्रमहरु (फलफूल खेती, तरकारी खेती र पशुपालन) मा शत प्रतिशत,
३. कृषि तथ्यांक ब्यवस्थापन र कृषक सुचिकरण तथा दर्ता कार्यक्रममा शत प्रतिशत,
४. अन्य कार्यक्रमको हकमा परियोजनाको लागत र प्रकृति अनुसार कम्तिमा ५० प्रतिशत।

श्री योजना महाशाखा
२/२८

श्री योजना शाखा
उल्लेखित प्राप्त कार्यक्रमको विवरण सबै प्रदेश स्थानीय तहमा लेखी पठाउने
२०७७/२/२८